# राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा.श्रेष्ठ न्यूयोर्क प्रस्थान

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा.मीनबहादुर श्रेष्ठ संयुक्त राष्ट्रसंघको प्रधान-कार्यालयमा यही २०७४ श्रावण २ देखि ४ गतेसम्म आयोजना हुने दीगो विकास सम्बन्धी उच्चस्तरीय राजनीतिक मञ्च (High-Level Political Forum on Sustainable Development) विषयक कार्यक्रममा भाग लिन पाँच सदस्यीय टोलीको नेतृत्व गरी शुक्रबार साँझ न्यूयोर्क प्रस्थान गर्ने कार्यक्रम रहेको छ।

उक्त उच्चस्तरीय राजनीतिक मञ्चमा संयुक्त राष्ट्रसंघले घोषणा गरेको दीगो विकास लक्ष्यहरु बारेमा समीक्षा गरिनेछ। यस वर्ष दीगो विकासका एजेण्डामा सहभागी राष्ट्रहरु मध्ये नेपाल लगायत ४४ वटा मुलुकहरुले Voluntary National Review) गर्ने कार्यक्रम रहेको छ। सो अन्तर्गत दीगो विकासका लक्ष्यहरु हासिल गर्ने दिशामा गरिएका प्रयासहरु र सो सम्बन्धी विवरण तथा हालको अवस्था पेश गर्ने कार्यक्रम रहेको छ।

त्यस अवसरमा माननीय उपाध्यक्ष डा. श्रेष्ठले सोही कार्यक्रमको साइडलाइनमा आयोजना हुने कार्यक्रमहरु जस्तै Data Revolution for Poverty Eradication. 2030 एजेण्डा प्राप्तीसम्बन्धी सेसनहरुमा भाग लिने कार्यक्रम रहेको छ।

संयुक्त राष्ट्रसंघले सेप्टेम्बर २०१५ मा घोषणा गरेको SDGs मा नेपाल लगायत विश्वका सबै जसो मुलुकहरु सहभागी रहेका छन्।

नेपालमा पनि दीगो विकासका लक्ष्यहरु कार्यान्वयन गर्नको निम्ति सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय निर्देशक समिति, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको संयोजकत्वमा कार्यक्रम कायान्वयन तथा समन्वय समिति तथा विभिन्न नौ वटा विषयगत समितिहरु गठन गरेको छ।

नेपाली टोलीमा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री विष्णुप्रसाद लम्साल, सह सचिव श्री लालशंकर घिमिरे, अर्थ मन्त्रालयका सह सचिव श्री लक्ष्मण अर्याल र परराष्ट्र मन्त्रालयका सह सचिव श्री भरतराज पौड्याल रहनुभएको छ।

असार ३०, २०७४

(तुलसी प्रसाद गौतम)
प्रवक्ता